नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय, सामान्य सेवा विभाग

## नेपाल बैंक लिमिटेडको कलंकी शाखा, काँडाघारी शाखा, र दुईपिप्ले शाखामा सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग भौतिक निर्माण कार्य गर्नको लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७७/०९/२७)**

नेपाल बैंक लिमिटेडको काठमाण्डौं जिल्लाको कलंकी स्थित कलंकी शाखा र काँडाघारी स्थित काँडाघारी शाखाको लिईएको नयाँ भाडाको भवनमा र लम्जुङ्ग जिल्लाको दुईपिप्ले स्थित दुईपिप्ले शाखाको नयाँ भाडाको भवनमा सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग भौतिक निर्माण कार्य गर्न परिमाणको विवरण (BOQ) बमोजिम कार्यगर्न अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८३००००01 मा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागबाट र दुईपिप्ले शाखाको लागि दमौली शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, सामान्य सेवा विभागमा र दुईपिप्ले शाखाको लागि दमौली शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**<u>तपसिल</u>**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परिमाणको विवरण (BOQ) मा दर रेट खुलाई तल उल्लेखित रकम वरावर धरौटी वापत कलंकी शाखा र काँडाघारी शाखाको लागि यस बैंकको काठमाडौं बैंकिङ्ग अफिसमा रहेको खाता नं ००२००१०६७११२८००००००१ मा र दुईपिप्ले शाखाको लागि दमौली शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको 'क'वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तिम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, अधिल्लो आर्थिक बर्ष सम्मको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ साथै बैंक तथा वित्तिय संस्थामा काउन्टर लगायत सिभिल तथा ईलेक्ट्रिकल निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र र कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पानाको पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

५) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७७/१०/२७ गते मंगलवार कार्यालय समय भित्र ।

बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७७/१०/२८ गते बुधवार बिहान ११:०० बजे भित्र ।

बोलपत्र दाखिला गर्ने स्थान :- कलंकी शाखा र काँडाघारी शाखाको लागि प्र.का.सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौंमा र दुईपिप्ले शाखाको लागि दमौली शाखामा बोलपत्र दाखिला गर्नु पर्नेछ ।

६) थप विवरण :-

| शाखा/ बोलपत्र नं. | सम्झौता भएको मिति बाट कार्य पुरा गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने समय | बोलपत्र धरौटी वापत रकम | बोलपत्र फाराम प्राप्त गर्ने स्थान | बोलपत्र खोल्ने स्थान, मिति र समय | बैंकको अनुमानित लागत सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम |
|---|---|---|---|---|---|
| **कलंकी/ NBL/NCB39/ W077/78** | ५० दिन | रु.१,२४,०००/- (अक्षरेपी एक लाख चौविस हजार मात्र) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं । | ने.बै.लि.प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं। २०७७/१०/२८ गते बुधवार दिउसो १:०० बजे । | रु.४९,५५,२३५/६० (अक्षरेपी उन्पचास लाख पचपन्न हजार दुई सय पैतिस र पैसा साठी मात्र ।) |
| **काँडाघारी शाखा/ NBL/NCB40/ W077/78** | ५० दिन | रु.१,२२,०००/- (अक्षरेपी एक लाख बाईस हजार मात्र) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं । | ने.बै.लि.प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं। २०७७/१०/२८ गते बुधवार दिउसो १:३० बजे । | रु.४८,५९,५४३/४० (अक्षरेपी अड्चालिस लाख उन्साठी हजार पाँच सय त्रिचालिस र पैसा चालिस मात्र ।) |

| | | | | | |
|---|---|---|---|---|---|
| **दुईपिप्ले शाखा/ NBL/NCB41/ W077/78** | ४५ दिन | रु.९५,०००/- (अक्षरेपी पन्चानब्बे हजार मात्र।) | ने.बै.लि. प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाण्डौं वा दमौली शाखा । | ने.बै.लि. दमौली शाखा २०७७/१०/२८ गते बुधवार दिउसो १२:३० बजे । | रु.३७,७३,०७०/६४ (अक्षरेपी सैतिस लाख त्रिहत्तर हजार सत्तरी र पैसा चौसठ्ठी मात्र ।) |

**नोट : बोलपत्र खोल्ने दिन विदा पर्न गएमा सो दिनको भोली पल्ट बोलपत्र खोलिनेछ। यो सुचना यस बैंकको Website:- www.nepalbank.com.np मा समेत हेर्न सकिने छ।**